# फाल्गुनन्द राजपत्र

## फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

***खण्डः ७*** ***संख्याः ९*** ***मितिः २०८१/०३/१७***


## भाग-२

## फाल्गुनन्द गाउँपालिका, फाक्तेप, पाँचथर

*गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

### फाल्गुनन्द गाउँपालिकाको उद्यम प्रवर्धन निर्देशिका, २०८०

**<u>प्रस्तावनाः</u>** नेपालबाट दैनिक करिब २५०० युवाहरु वैदेशिक रोजगारीको लागि बाहिरिने गरेको तत्थ्याङ्क रहेको छ । नेपालमा बसेर केहि गर्ने सोंच बनाएका तर पुँजी र सिप अभावले ब्यवसाय शुरु तथा विस्तार गर्न नसकेका युवा उद्यमीहरुलाई लक्षीत गरी उद्यम ब्यवसाय प्रवद्र्धन गर्न एक कोषको आवश्यकता महशुष गरि फाल्गुनन्द गाउँपालिका, गाउँ कार्यपालिकाको गाउँसभाले उद्यम तथा ब्यवसाय गर्न चाहाने उत्साही उद्यमी तथा ब्यवसायीहरुलाई उद्यमब्यवसाय स्थापना तथा सञ्चालन गर्न सहयोग पुर्याउने उद्धेश्यले यो कार्यविधि बनाई लागू गरिएको छ । यस कार्यविधिले उद्यम ब्यवसायको लागि आवश्यक पर्ने कोषको स्थापना र कोषको सञ्चालनको समेत परिकल्पना गर्न आवश्यक ठानी नेपालको संविधान २०७२ को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम र गरिवी निवारणकालागी लघु उद्यम विकास कर्यक्रम सञ्चालन निर्देशिका २०७७ का कतिपय बुँदाहरुर्लाइ सरलीकृत गर्न फाल्गुनन्द गाउँपालिकाको गाउँकार्यपालिकाले यो निर्देशिका पारित गरी लागू गरेको छ ।

### परिच्छेद १

### <u>संक्षिप्त नाम र प्रारम्भ</u>

१. **<u>नाम र प्रारम्भः</u>** यस कार्यविधिको नाम "फाल्गुनन्द गाउँपालिकाको उद्यम प्रवर्धन कार्यविधि २०८०" रहेको छ र यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भए पछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "प्रमुख" भन्नाले फाल्गुनन्द गाउँपालिकाको पालिका प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फाल्गुनन्द गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग ब्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने ब्यक्ति वा समूहलाई जनाउँदछ ।

(ङ) "कार्यक्रम" भन्नाले उद्यम विकास कोषमार्फत हामी उद्यम आप्mनै पौरखमा गर्दछौ भन्ने नाराका साथ उद्यमी तथा रोजगारी सिर्जना तथा उद्यमहरुको स्तरोन्नति गर्न सञ्चालन गरिने विभिन्न कार्यक्रमलाई जनाउँछ ।

(च) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने विभिन्न समितिलाई जनाउँदछ ।

(छ) "बजारीकरण" भन्नाले उद्यमबाट हुने उत्पादन, मुल्यनिर्धारण, प्रवद्र्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई जनाउँछ ।

(ज) "विकास साझेदार" भन्नाले कार्यक्रम सञ्चालनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने दातृ निकायहरुलाई सम्झनुपर्छ ।

(झ) "विशेष अनुदान" भन्नाले फाल्गुनन्द गाउँपालिकाले उद्यम विकास कोषदेखि सम्पूर्ण मापदण्ड पुरा गरी प्राप्त गर्ने ५० प्रतिशत लागत साझेदारी अनुदानलाई सम्झनुपर्दछ ।

(ञ) "कार्यविधि" भन्नाले फाल्गुनन्द गाउँपालिकाको उद्यम विकास कोष सञ्चालन कार्यविधि २०८० लाई जनाउँछ ।

(ट) "रणनीतिक योजना" भन्नाले फाल्गुनन्द गाउँपालिकाले उद्यम विकास तथा रोजगारी सिर्जनाको लागि तयार पारेको ५ वर्षे रणनीतिक योजनालाई जनाउँछ ।

(ठ) "उद्यम" भन्नाले औद्योगिक ब्यवसाय ऐन, २०७६ ले परिभाषित गरे अनुरुपका उद्यम सम्झनुपर्छ ।

(ड) "ब्यवसाय विकास सेवा प्रदायक संस्था" भन्नाले उद्यम विकास कोष मार्फत सञ्चालन गरिने उद्यमीहरुको सिर्जना, प्रर्वद्धन, विकास तथा विस्तारका लागि ब्यावसायिक सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका दक्ष जनशक्तियुक्त संस्था, कम्पनी वा फर्मलाई बुझाउँछ ।

(ढ) "सिप विकास तालिम" भन्नाले ब्यवसाय स्थापना, विकास तथा प्रवद्र्धनका लागि आवश्यक पर्ने प्राविधिक सीपमुलक तालिमलाई जनाउँछ ।

(ण) "उद्यम विकास कोष" भन्नाले उद्यम प्रवद्र्धन, विकास, विस्तार तथा रोजगारी सिर्जनाका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न फाल्गुनन्द गाउँपालिकाले यसै कार्यविधि बमोजिम स्थापना गरिएको कोषलाई बुझाउँछ ।

(त) "साझेदार संस्था" भन्नाले कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई जनाउँछ ।

(थ) "निर्देशन समिति" भन्नाले फाल्गुनन्द गाउँपालिकामा गठन भएको उद्यम विकास कोष सञ्चालनको लागि निर्णायक समितिलाई सम्झनुपर्छ ।

(द) "सिफारिस तथा मूल्याङ्कन समिति" भन्नाले फाल्गुनन्द गाउँपालिकामा गठन भएको उद्यम विकास कोष सञ्चालनको लागि प्राप्त आवेदनहरुलाई मूल्याङ्कन गरी सिफारिसको लागि निर्देशन समितिमा पेश गर्ने समितिलाई सम्झनुपर्छ ।

(ध) "उद्योग विकास शाखा" भन्नाले फाल्गुनन्द गाउँपालिकामा स्थापना हुने उद्योग विकास शाखालाई सम्झनुपर्छ । यो शब्दले गाउँपालिकाले उद्योग हेर्ने भनी तोकिएको शाखा, उपशाखा वा इकाईलाई समेत जनाउँछ ।

(न) "आर्थिक विकास समिति" भन्नाले नगरपालिका, नगर कार्यपालिकाको विषयगत समितिलाई जनाउँदछ ।

(प) "लक्षित समूह" भन्नाले फाल्गुनन्द गाउँपालिकाले विभिन्न मापदण्ड तोकेर निर्माण गरेको समूहलाई जनाउँनेछ ।

(फ) "समूह" भन्नाले उद्यम ब्यवसाय सञ्चालन गर्नका लागि निर्माण भएको यूवाहरुको समूहलाई बुझाउनेछ

## परिच्छेद २

## लक्षित समूह

३. **महिला तथा विपन्न परिवारका सदस्यहरु प्राथमिकतामा राखेर लक्षित समूह हुने :** (१) विपन्न गाउँपालिकाबासी बेरोजगार युवा, महिला, दलित, आदिवासी र अन्य जातजाति परिवारका सदस्यहरु यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

(२) अति विपन्न वर्ग, पिछडिएका (एकल महिला समेत), दलित, आदिवासी जनजातिहरु, अपाङ्गता भएका व्यक्ति, लंैगिक अल्पसंख्यक, दुर्गम तथा सेवाको पहुँच कम भएका गाउँपालिका क्षेत्रमा यस कार्यक्रमलाई केन्द्रित गरिनेछ ।

(३) सामाजिक उद्यमशीलता सृजना गर्न सक्ने, रोजगारी सृजना गर्न सक्ने तथा आय आर्जन र आम्दानी वृद्धि हुन सक्ने उद्यम तथा ब्यवसाय सञ्चालन गर्न सक्ने गाउँपालिका

क्षेत्रभित्रका वडाहरुले सिफारिस गरेको तथा गाउँपालिकाले प्रचलित कानुन अनुसार तोकिएका महिला तथा विपन्न समूह पर्दछन् ।

## परिच्छेद ३

## उद्यम प्रवद्र्धन कोष स्थापना र सञ्चालन

४. उद्यम तथा ब्यवसायको दिगो प्रवर्धनका लागी गाउँपालिकाले एउटा छुट्टै कोषको स्थापना गर्न सक्ने छ । उक्त कोषलाई उद्यम प्रवर्धन कोष भनिने छ । कोषको सञ्चालन निम्न बमोजिम हुँने छ :

(१) फाल्गुनन्द गाउँपालिकाले प्रत्येक गाउँसभाबाट बार्षिक वजेट पास गर्दा उद्यम विकास कोषकोलागि वजेट विनियोजन गर्नेछ ।

(२) माथिको बुँदा नं. ४ (१) बाहेक उद्यम विकास कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछ :

(क) सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम

(ख) दातृ निकाय तथा विकास साझेदार संस्थाबाट उपलब्ध गराइएको रकम,

(ग) उद्यम विकासको लागि सामुदायिक संघ संस्था तथा निजी क्षेत्रबाट प्राप्त भएका रकम,

(घ) गाउँपालिकाको विषयगत निकायबाट उद्यम विकासका लागि उपलब्ध अनुदान तथा मिलान कोष वापतका रकम,

(ङ) प्रशिक्षार्थीहरुले तालिमको क्रममा उत्पादन गरेको सामान विक्रि तथा तिरेको तालिम शुल्कबाट प्राप्त भएको रकम र

(च) उद्यम विकासका लागि अन्य स्रोतबाट प्राप्त रकमहरु ।

**५. <u>कोषको सञ्चालनः</u>** (१) उद्यम प्रवर्धन कोषको वेग्लै बैंक खाता रहने छ ।

(२) उद्यम प्रवर्धन कोषको खाता सञ्चालन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिकाका लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) उद्यम प्रवर्धन कोषमा जम्मा भएको रकम उद्यम विकास तथा स्तरोन्नतिका विभिन्न क्रियाकलाप बाहेक अन्य कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(४) संघीय तथा प्रदेश सरकारले उद्यम प्रवर्धन कार्यक्रम लगायत आर्थिक आयआर्जन तथा उद्यम विकास र रोजगारी सिर्जनाकोलागि सञ्चालित कार्यक्रमहरुसँग सम्बन्धित भएर समेत कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(५) उद्यम विकास कोषको श्रेस्ता गाउँपालिकाको लेखा अधिकृतको जिम्मामा रहनेछ ।

(६) वजेट निकासा, खर्च र प्रतिवेदन एवं लेखा परिक्षण सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(७) गाउँपालिका अन्तर्गतको उद्यम विकास समितिल गरेको सिफारिस र निर्णयका आधारमा कोषको सञ्चालन हुनेछ ।

(८) कोष सञ्चालनको प्रतिवेदन आवश्यकता अनुसार गाउँपालिका पेश गर्ने छ ।

## परिच्छेद ४

## उद्यम तथा ब्यवसाय क्षेत्र

६. **उद्यम प्रवर्धनकालागी निम्न क्षेत्रहरु सम्भावित क्षेत्रका रुपमा रहने छन्:**

(क) कृर्षि, पशुपंक्षि र माछामा आधारित उद्यम ब्यवसाय ।

(खं) वन (जडीबुटी, वनपैदावार) मा आधारित उद्यम ब्यवसाय ।

(ग) ऊर्जामा आधारीत ब्यवसाय तथा उद्योगहरु ।

(घ) पुष्प ब्यवसाय ।

(ङ) कृर्षि उपज संकलन, प्रशोधन, भण्डारण केन्द्र तथा सामुहिक पसल ।

(च) विज्ञान तथा सूचना प्रविधि र संचारमा आधारित उद्यम ब्यवसाय ।

(छ) पर्यटन क्षेत्र (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम ब्यवसाय ।

(ज) हस्तकला, मूर्तिकला, चित्रकलामा आधारित उद्यम ब्यवसाय ।

(झ) मौलिक तथा रैथाने सिप, परम्परा, संस्कृति, साहित्य, सृजना, गीत, संगितमा आधारित भई गरिने उद्यम ब्यवसाय ।

(ञ) प्लाष्टिक बोतल तथा फोहोरमैलाको ब्यवस्थापनको सहयोगी ब्यवसायहरु ।

(ट) आयत प्रतिस्थापन तथा निर्यात प्रवद्र्धन गर्ने उद्यम ब्यवसाय ।

(ठ) समितिले आवश्यकता महसुस गरि छानेका अन्य उद्यम ब्यवसायहरु ।

७. **विज्ञहरुको परामर्श लिन सकिने:** ब्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको छनौट गर्न आवश्यता अनुसार विज्ञ परामर्शदाताहरुको सहयोग लिन सकिनेछ ।

८. **श्रोत नक्सांकन:** (१) सम्भावित उद्यम ब्यवसाय क्षेत्र पहिचानकालागी गाउँपालिकाले श्रोत पहिचान नक्सांकन गर्ने छ । यसकोलागी आन्तरीक वा बाह्य श्रोतको परिचालन गरिने छ । स्थानीय जनप्रतिनिधि, समाजसेवी, स्थानीय जानकार ब्यात्तीत्वहरु, उद्यम विकास सहजकर्ता तथा आवश्यकता

अनुसार बाह्य विषयगत विज्ञ र सहजकर्ताहरुको सहयोगमा श्रोत नक्सांकन गरिने छ । यसरी बनेको श्रोत पहिचान नक्सालाई वार्ड कार्यालय र पालिकामा राखिने छ ।

(२) यस्तो श्रोत नक्सामा पालिका, वार्ड तथा समुदाय क्षेत्रमा के कस्ता प्राकृतिक श्रोतहरु उपलब्धता छ, यस्ता श्रोतहरुको ब्यवसायिक सम्भावना के कस्तो छ, मानवीय श्रोतहरु के कस्ता छन्, र ब्यवसाय प्रवर्धनका लागी पूर्वाधार विकासको अवस्था (खास गरी बजारको अवस्था) के कस्तो छ भनेर नक्सांकनमा समेटीने छ ।

## परिच्छेद ५

## सर्वेक्षण तथा उद्यमी पहिचान

९. **प्रारम्भिक सर्वेक्षण गर्ने**: (१) कार्यक्रम सञ्चालन गर्न गाउँपालिकामा गाउँपालिका उद्यम विकास समितिले तोकेको वडाहरुमा उद्यमी सिर्जनाका आधारहरुबारे प्रारम्भिक सर्वेक्षण गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सर्वेक्षण गर्दा देहायका कार्यहरु गर्नु पर्दछः

(क) घरधुरी सर्वेक्षण, सहभागी छनौट, सामुहिक छलफल तथा ब्याक्तिगत लेखाजोखा ।

(ख) उद्योग ब्यवसायलाई आवश्यक पर्ने कच्चा पदार्थको अवस्था, ईन्धनको उपलब्धता तथा विजुलीको खपत बढाउन सक्ने अवस्थाको विश्लेषण ।

(ग) बजार सम्भाब्यता विश्लेषण ।

(घ) गरिबीको स्तर मूल्याङ्कन र उद्यम सञ्चालन पश्चात सम्भावीत परिवर्तनको ।

(ङ) उद्यम सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधारको अवस्था ।

(च) उद्यम ब्यवसाय सञ्चालनबाट हुँने सम्भावीत प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी श्रृजना, आयको अवस्था र

(छ) वातावरणीय प्रभाव तथा ब्यवसायिक वातावरणको अवस्था ।

ज) लघु जलविद्युत परियोजनाको क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।

१०. **सम्भाव्य लघु उद्यमीको पहिचान र छनौट गर्ने**: (१) सम्भाव्य उद्यमीको प्रारम्भिक सर्वेक्षण प्रतिवेदनबाट विपन्न परिवार, वैदेशिक रोजगारबाट फर्किएर उद्यम गर्न चाहेका युवाहरु, वडाले आवश्यकता अनुसार सिफारिस गरिएका समुहरुलाई लक्षित समुह मान सोही सदस्यहरुलाई छनौट गर्नु पर्दछ ।

(२) सम्भाव्य उद्यमी पहिचान गर्दा कार्यक्रमको उद्देश्य बमोजिम अति गरिब, पिछडिएका महिला (एकल महिला समेत), दलित, आदिवासी जनजातिहरु, अपाङ्गता भएका ब्यक्ति, लैंगिक अल्पसंख्यक सिमान्तकृत तथा सुविधाविहीन समूहका अनुपातलाई ध्यान दिनु पर्दछ ।

(३) उद्यमप्रतिको धारणा, प्रतिबद्धताको स्तर, जोखिम वहन गर्न सक्ने क्षमताको स्तर, चाहना, तत्परता, उद्यमको लागि दिने समय, गतिशीलता, पारिवारिक ब्यवसायिक वातावरण जस्ता गुणहरुलाई समेत सम्भाब्य उद्यमी पहिचा प्रकृयामा उचीत महत्व दिनु पर्दछ ।

## परिच्छेद ६

## <u>उद्यम ब्यवसाय छनौटको आधार</u>

११. **<u>ब्यवसायिक उद्यम छनौटका आधारः</u>** उद्यम ब्यवसाय गर्न नेपाल सरकारले तोकिएका योग्यता पुरा गरेका फाल्गुनन्द गाउँपालिका क्षेत्रमा बसोवास गर्ने महिला, गरीव तथा विपन्न बर्गका साथै सम्भावित नागरीक जो कोही पनी उद्यमी बन्न सक्ने छन् । यसका अतिरिक्त ब्यवसाय छनौट गर्न निम्न आधारहरुलाई समेत मध्यनजर गरिने छः

(क) अनुदान सहयोग बाहेक स्वलगानीको आधार भएको

(ख) स्थानीय कच्चा पदार्थमा आधारीत उद्योग तथा ब्यवसायहरु

(ग) स्थानीय रोजगार प्रवर्धन गर्न सहयोग पुग्ने, स्थानीय सेवा तथा मागलाई आपूर्ती गर्न सहयोग पुग्ने

(घ) घरेलु र स्थानीय सिपमा आधारीत, ऊर्जाको खपत बढाउने, उत्पादित बस्तु तथा सेवाको स्थानीय बजारमा माग बढी भएका उद्योगहरु ।

(ङ) अग्रगामी र पश्चगामी सम्बन्ध धेरै भएका उद्योग ब्यवसायहरु जसले प्रन्यक्ष र अप्रत्यक्ष रोजगारी श्रृजनामा धेरै सहयोग पुग्न सकोस् ।

(च) फाल्गुनन्द गाउँपालिकामा संस्था, समूह वा ब्यवसायिक फार्म दर्ता भएको हुनुपर्नेछ ।

(छ) एकै पटक धेरै उद्योग तथा ब्यवसायहरुको माग भएमा उद्योग विकास समितिले प्राथमिकताका आधारमा प्रवर्धन गर्न सक्ने छ ।

ज) लघुजलविद्युत परियोजनाको बत्ती प्रयोग हने उद्यम ब्यवसायलाई प्राथमिकतामा राख्न सक्नेछ ।

## परिच्छेद ७

## <u>सिप प्रवर्धन</u>

१२. **<u>उद्यमशीलता तथा सिप विकास तालिम सञ्चालन गर्नेः</u>** (१) सम्भाव्य उद्यमीहरुलाई गाउँपालिकाले विभिन्न संघ संस्थाहरु सँग समन्वय गरेर ब्यवसाय विकास तथा उद्यमशीलता विकास र सिप

विकास सम्बन्धि तालिमहरु सञ्चालन गर्नेछ ।

(२) गाउँपालिकाले जनप्रतिनिधिहरु, उद्योग विकास समिति, उद्यम विकास सहजकर्ता तथा अन्य कर्मचारीहरुको लागी क्षमता विकास सम्बन्धी समेत तालिमहरु दिन सक्ने छ ।

(३) सिप विकास सम्बन्धी तालिमहरु लागत साझेदारी, आंशिक सहयोग वा पूर्ण सहयोगमा पनि गर्न सकिने छ ।

(४) गाउँपालिकाले तालिम आवश्यकताको माग, पहिचान तथा विश्लेषण गरी प्राथमिकताका आधारमा सहयोग गर्ने छ ।

(५) गाउँपालिका आफैंले आयोजना गरेको तालिममा लजिष्टिक सहयोग आफैंले गर्ने छ । यस्ता तालिमहरुमा श्रोत ब्याक्तीहरु मात्र सहयोगी संघसंस्थाहरु सँग समन्वय गरी माग गरीने छ ।

## परिच्छेद ८

## समन्वय तथा सहकार्य

१३. **समन्वय र सहकार्यः** (१) गाउँपालिकाले प्रस्तावित उद्यमहरु सञ्चालन र प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकार, केन्द्र सरकार, विभिन्न सरकारी, गैर सरकारी तथा निजी संघसंस्थाहरु सँग समन्वय गर्न सक्नेछ ।

(२) उद्यम विकासको मुख्य उद्देश्य वेरोजगार युवा समूहलाई उद्यमशीलताको विकास गरी सफल उद्यम सञ्चालनमा सहयोग गर्ने रहेको र नेपाल सरकार उद्योग मन्त्रालय सँग द्विपक्षीय समन्वय गरिनेछ । लघु उद्यम विकास कार्यक्रम सँग समन्वय गरी सम्भाव्य उद्यमी युवाहरुलाई सिपमूलक तालिम उपलब्ध गराउन समन्वय गरिनेछ । उद्यम विकास कोष समितिले युवा समूह छनौट गरी जिल्ला स्तरीय घरेलु तथा साना उद्योग कार्यालय तथा घरेलु विकास समिति सँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उद्यम विकास कोष समितिले उद्यम समितिले उद्यम कार्यक्रम सञ्चालन गर्ने अन्य निकाय, ब्यवसायिक सिप विकास तथा तालिम केन्द्र, शिक्षा मन्त्रालय अन्तगत संचालित परियोना, युवा स्वरोजगार कोष, बाणिज्य बैंक, वित्तिय संस्था, विमा कम्पनी र राष्ट्रिय संघसंस्था सँग आवश्यकता अनुसार द्विपक्षीय समझदारी गरी सहकार्य गर्न सक्नेछ।

## परिच्छेद ९

## अनुगमन तथा निरीक्षण

१४. **अनुगमनः** उद्यम विकास कोषबाट “हामी उद्यमी आप्mनै पौरखमा गर्दछौं” शिर्षकमा परिचालित रकमको सही कार्यान्वयन त्यसको उपलब्धि तथा प्रभावकारीता र नतिजाको नियमित अनुगमनको

लागि फाल्गुनन्द गाउँपालिकाको अनुगमन समिति र गाउँपालिका कार्यपालिकाले यस कार्यक्रमको अनुगमनलाई प्रभावकारी र नतिजामुखी बनाउन गाउँ कार्यपालिकाले छुट्टै अनुगमन समिति निर्माण गर्न सक्नेछ । साथै समय समयमा नागरिक समाज, पत्रकार, सरोकारवाल आदिबाट पनि अनुगमन निरीक्षण गारई पृष्ठपोषण तथा सुझावहरु लिन सक्नेछ भने निर्देशन समितिबाट समय समयमा निरीक्षण हुन सक्नेछ ।

## परिच्छेद १०

## दण्ड सजाय र पुरस्कार

**१५. <u>दण्ड सजाय र पुरस्कारः</u>** (१) उद्यमी समुहले प्रस्ताव गरिए बमोजिमको सम्झौता कार्यान्वयन नगरेमा उद्यमी समूह ब्यक्ति वा संस्थालाई गाउँपालिकाबाट सञ्चालन गरिने कुनै पनि कार्यक्रमहरुमा सहभागि गराइने छैन ।

(२) उद्यमी समुहसँग सम्झौता भइसकेपछि सम्झौता अनुसार गुणस्तर एवं परिमाणमा कार्य सम्पन्न नगरेमा तथा उद्यम विकास कोषबाट दिइएको बजेट हिनामिना गरेमा गरेको रकम प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ । यस कार्यमा स्थानिय प्रशासन र सम्बन्धित वडा तथा गाउँपालिकाबाट दण्ड सजाय हुनेछ ।

(३) उद्यमी समूह वा ब्यक्ति जो भए पनि गाउँपालिकाबाट सहयोग लिएर उद्योग ब्यवसायलाई निरन्तरता नदिएमा मेशिन तथा औजारहरु जफत गरी अन्य इच्छुक उद्यमीलाई दिइनेछ ।

(४) उद्यमी समुहले प्रस्ताव बमोजिम कार्यसम्पन्न गरे नतिजाको आधारमा पुरस्कृत र प्रोत्साहन गरिनेछ ।

## परिच्छेद ११

## <u>विविध</u>

**१६. <u>सहयोग गर्नुपर्नेः</u>** यस कार्यविधि बमोजिम युवा उद्यम विकास सञ्चालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तब्य हुनेछ ।

**१७. <u>निर्देशन तथा कार्यविधि पालनाःऊ</u>** (१) गाउँपालिकाबाट विशेष अनुदान प्राप्त गरी उद्यम ब्यवसाय सञ्चालन गरी रहेको संस्था समूह वा फार्महरुलाई गाउँपालिकाले समय समयमा अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (क) बमोजिम प्राप्त निर्देशनको पालना गर्न सम्बन्धित लाभग्राही संस्थाको कर्तब्य हुनेछ ।

**१८. <u>कार्यविधि संशोधन गर्न सक्नेः</u>** गाउँपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

१९. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यो कार्यविधि कार्यान्वयमा कुनै बाधा आइपरेमा गाउँपालिका कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२०. **<u>नियम बनाउन सक्नेः</u>** यस कार्यविधिको उद्देश्य पुरा गर्न उद्यम विकास कोष परिचालन समितिले आवश्यक थप निर्णय गर्न सक्नेछ ।

२१. **<u>बचाउ तथा खारेजी :</u>** १) यस कार्यविधिमा उल्लेख भएका विषयहरु नेपालको संविधान र सङ्घीय तथा प्रादेशिक कानुन सँग बाझिएमा बाझिएको हदसम्म बदर हुनेछ ।

(२) सङ्घीय था प्रादेशिक सरकारको युवा उद्यम कार्यक्रम कार्यविधि, गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम तथा अन्य उद्यमशीलता सम्बन्धि कुनै पनि कार्यक्रमलाई यो कार्यविधिले बाधा गर्ने छैन ।

(३) यसअघि निर्माण भएको उद्यम विकास कोष परिचालन कार्यविधि २०७४ र त्यसैको संशोधन फाल्गुनन्द गाउँपालिकाको उद्यम विकास कोष परिचालन कार्यविधि २०७५ लाई खारेज गरिएको छ ।

**अनुसूची १**
**दफा ९ उपदफा २ (ख) सँग सम्बन्धित**
**निवेदनको ढाँचा**

मिति :............................

श्रीमान् संयोजक ज्यू,

उद्यम विकास कोष परिचालन समिति,

फाल्गुनन्द गाउँपालिका, पञ्चमी, पाँचथर

विषय : व्यवसायिक उद्यम सञ्चालनको लागि निवेदन पेश गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा म/हामी तपशिलका व्यक्तिहरुले पाँचथर जिल्ला फाल्गुनन्द गाउँपालिका वडा नं. ..........मा .............................. व्यवसायिक उद्यम सञ्चालन गर्न चाहेको हुनाले उद्यम प्रवर्धन परिचालन कार्यविधि बमोजिम उपलब्ध गराइने विशेष अनुदान सहयोग पाउँ भनी कार्यविधिले निर्धारित गरेको शर्त कागजात, वडा समितिको सिफारिस सहित संलग्न राखी यो निवेदन पेश गरेका छौ ।

संस्थागत विवरण:

१. संस्था समूह वा फार्मको नाम:

२. ठेगाना:

३. समूह वा संस्था दर्ता नं.

४. दर्ता भएको जिल्ला: दर्ता मिति:

५. नविकरण मिति: स्थायी लेखा नम्बर:

६. सम्पर्क व्यक्तिको नाम ठेगाना :

पद : सम्पर्क नम्बर:

७. संस्थाको छाप:

| क्र.सं. | नाम थर | पद | ना.प्र.नं. | उमर | शैक्षिक योग्यता | स्थायी ठेगाना | सम्पर्क नं. | इमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची २
## दफा ९ उपदफा २ (ख) सँग सम्बन्धित
## व्यवसायिक योजनाको ढाँचा

| क.सं. | विवरण | अन्य विवरण |
|---|---|---|
| १ | व्यवसायको नाम, संक्षिप्त परिचय र उदेश्य | नामः<br>उद्यमको संक्षिप्त परिचयः<br>उद्देश्य :<br>विषयः<br>उद्यमबाट उत्पादन हने वस्तुको नामः |
| २ | ठेगाना | जिल्ला........... निर्वाचन क्षेत्र नं.............. गा.पा.................<br>वडा नं................ टोल................ फोन नं................. |
| ३ | संलग्न हुने अनुमानित जनशक्तिः | महिला.............. पुरुष......... जम्मा............ |
| ४ | प्रयोग हुने कच्चा पदार्थः | कच्चा पदार्थको नाम............ स्रोत(स्थानीय/बाह्य) |
| ५ | प्रयोग हुने मेशिनरी औजारको विवरण | नामः.......................<br>अनुमानित लागतः ....................<br>स्रोत : (स्थानीय/बाह्य) |
| ६ | अनुमानित लागत | कुल रु. .....................<br>चालु रु. ....................<br>स्थीर पुँजी रु...........<br>स्थीर पुँजीको नामः |
| ७ | उत्पादित बस्तुको बजार क्षेत्र | बजारको नामः<br>दुरी :<br>ढुवानी खर्च : |
| ८ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा बार्षिक रु...................<br>अनुमानित नाफा रु.................... |
| ९ | रोजगारी पाउने युवाको अनुमानित संख्या | महिलाः............<br>पुरुषः............ |
| १० | अन्य | पारविन्दु ............<br>लगानीमा प्रतिफल |

ब्याक्ति वा उद्यम समूहको विवरण

| क.सं. | नाम थर | पद | लिंग | ठेगाना | उमेर | शैक्षिक योग्यता | सम्पर्क नं. | इमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

समूह/संस्थाको छापः

ब्याक्ति/समूह/ संस्थाको अध्यक्षको

दस्तखतः............................

नाम थरः .........................

आज्ञाले
निर्मल तुम्रोक
(प्रमुख प्रशासकीय अधिकृत)